जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक २८ • २०८३ साल आषाढ ३ गते बुधवार (17 June, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५।-

## राहदानी विभागका महानिर्देशक अर्याल र निर्देशक केसी थुनिए

**टुडे समाचारदाता**

काठमाण्डु । राहदानी छपाइमा भ्रष्टाचार गरेको आरोपमा राहदानी विभागका महानिर्देशक तीर्थराज अर्याल र निर्देशक सुनील कुमार केसीलाई ४ दिन थुनामा रहने भएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उनीहरूमाथि अनुसन्धान गर्न म्याद थपका लागि दिएको निवेदनमाथि सुनुवाइ गर्दै विशेष अदालतका अध्यक्ष सुदर्शनदेव भट्ट तथा सदस्यहरू उमेश कोइराला र विदुर कोइरालाको इजलासले सोमबार चार दिन थुनामा राख्न अनुमति दिएको छ।

राहदानी छपाइका लागि टेण्डर पाएको पुरानो कम्पनीसंग सम्झौता अवधि सकिएसंगै अहिले दुईवटा जर्मन कम्पनी भेरिडोस र मुलबरले राहदानी छपाइको टेण्डर पाएको र सोही खरिद प्रक्रिया प्रकरणमा छानबिनका लागि महानिर्देशक पक्राउ परेको जनाइएको छ।

२०८२ साउनमा राहदानी विभाग र जर्मन कम्पनी भेरिडोसबीच राहदानी छपाइसम्बन्धी सम्झौता भएको थियो। विभागका महानिर्देशक अर्याल र भेरिडोसका प्रतिनिधिबीच राहदानी छपाइसम्बन्धी सम्झौता भएको थियो।

सम्झौता भएसंगै भेरिडोसले आगामी पाँच वर्षभित्र ६४ लाख प्रति राहदानी छपाइ गर्ने जिम्मेवारी पाएको छ। राहदानी छपाइका लागि भेरिडोसले ६ अर्ब ११ करोड ३८ लाख रुपैयाँमा कबोल गरिएको थियो।

### पटेल रमण जेभीसंग ११ अर्ब सरकारले असुल्ने

# कम्पनी कालोसुचीमा, बैंकहरु ऋण असुलीमा केन्द्रित

**टुडे समाचारदाता**

जनकपुरधाम। मधेशको लाईफ लाइन मानिएको राष्ट्रिय गौरवको सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण कार्यमा चरम ढिलासुस्ती र लापरबाही गरेको भन्दै ठेकेदार कम्पनी पटेल-रमण जेभीविरुद्ध सरकारले ११ अर्ब रुपैयाँ असुली प्रक्रिया अघि बढाएको छ।

निर्धारित समयमा कार्य सम्पन्न गर्न नसकेपछि सरकारले गत कार्तिकमा ठेक्का तोडेको थियो। सार्वजनिक खरिद ऐन बमोजिम ठेक्का तोडिँदा लाग्ने थप लागत, निर्माण अवधिमा भएको क्षति र नयाँ ठेक्का गर्दा बढ्न गएको लागतसमेत जोडेर कम्पनीसँग उक्त रकम असुल गर्न लागिएको आयोजनाले जनाएको छ।

सम्झौताको ६१ प्रतिशत समय बितिसक्दा पनि कम्पनीले जम्मा १० प्रतिशत मात्रै भौतिक प्रगति गरेपछि आयोजना अलपत्र परेको अवस्थामा सर्वोच्च अदालतले समेत अग्रीम भुक्तानी र कार्यसम्पादन जमानत जफत गर्न बाटो खोलिदिएपछि आयोजनाले असुली कार्यलाई तीव्रता दिएको छ।

सोही अनुसार जेठको दोस्रो साता अग्रीम भुक्तानी बापतको १ अर्ब २० करोड रुपैयाँ सरकारी राजस्व खातामा दाखिल भइसकेको छ। अब कार्यसम्पादन जमानत बापतको थप २ अर्ब ४० करोड रुपैयाँ पनि छिट्टै असुल गर्ने तयारी छ। पटेल-रमण जेभीले भने उक्त कारबाही विरुद्ध हाल मध्यस्थतामा जुटेको छ।

आयोजनाले पहिलो ठेकेदारबाट उत्पन्न भएको अवरोधलाई चिर्दै कामलाई गति दिन गत जेठ २५ गते अन्तर्राष्ट्रिय बोलपत्र (आईसीबी) आह्वान गरेको छ। बाध र विद्युतगृह लगायतका प्रमुख सिभिल संरचना निर्माणका लागि अघि बढाइएको यस नयाँ ठेक्काका लागि असार २४ गतेसम्मको म्याद तोकिएको हो।



१४ अर्ब ७ करोडको लागतमा शुरु गरिएको यस आयोजनामा ठेकेदार कम्पनीले मोबिलाइजेसन पेश्की र रनिङ बिलमार्फत २ अर्ब १३ करोड रुपैयाँभन्दा बढी भुक्तानी लिइसकेको थियो। सरकारी बजेट र समयको ठूलो क्षति पुऱ्याउने यस घटनाले खरिद सम्झौता र निर्माण व्यवस्थापनमा थप कडाइ हुनुपर्ने आवाज उठ्दै आएको छ। गतवर्ष मधेश सरकारले पनि सो आयोजनाको निरीक्षण गर्दै कामको सुस्त प्रगति विवरण हेरेर तत्कालिन मुख्यमन्त्री सतिश सिंहले काममा तिव्रता नदिए ठेक्का रद्द प्रक्रिया अघि बढाउन संघीय सरकारसँग सिफारिस गर्ने चेतावनी दिएका थिए।

जेठ १३ गतेका दिन पटेल रमण जेभीसहितका ११ फर्मलाई सरकारले कालो सूचीमा राखि ठेक्का रद्द प्रक्रिया अघि बढाएको थियो। ठेक्का प्रक्रियामा जनकपुर-९ धनुषा ठेगाना भएको रमण कन्स्ट्रक्सनले भारतको पटेल इञ्जिनियरिङ लिमिटेडसंग मिलेर सुनकोशी मरिण डाइभर्सन बहुउद्देश्यीय आयोजनाको बाँध (हेडवर्क्स), विद्युतगृहलगायतका सिभिल संरचना, गेटलगायतका हाइड्रोमेकानिकल उपकरण आपूर्ति तथा जडानका लागि ठेक्का पाएको थियो।

तर, काममा ढिलासुस्ती गरेकाले गत वर्ष कार्तिक २५ गते आयोजनाले ठेक्का किन नतोड्ने भनेर स्पष्टीकरण सोधेको थियो। तर पटेल-रमण जेभीले चित्तबुझ्दो जवाफ नदिएपछि सरकारले तीन वर्षका लागि कालोसूचीमा राखेको हो। कालोसूचीमा परेका कम्पनीले कालोसूचीमा राखिएको अवधिभर सार्वजनिक खरिद कार्यक्रममा सहभागी हुन पाउँदैनन्।

यसअघि गएको माघ २८ गते सर्वोच्च अदालतले ठेकेदार कम्पनी पटेल-रमण जेभीको 'बैंक ग्यारेन्टी' जफत गर्ने बाटो खोलिदिएपछि नेपालका चारवटा वाणिज्य बैंकहरूले कुल ३ अर्ब ६० करोड रुपैयाँ नेपाल सरकारलाई भुक्तानी गर्ने प्रक्रिया थालिएको थियो।

अदालतको आदेश आएको केही दिनभित्रै बैंकहरूले उक्त ठूलो रकम सरकारलाई बुझाउनुलाई वित्तीय क्षेत्रमा सकारात्मक रूपमा हेरिएको छ। अदालतले कार्यसम्पादन जमानतबापत २ अर्ब ४० करोड र अग्रीम भुक्तानी जमानतबापत १ अर्ब २० करोड रुपैयाँ गरी कुल ३ अर्ब ६० करोड जमानत जफत गर्न सरकारलाई बाटो खोलिदिएको थियो। त्यसै अनुसार सरकारले जमानत जफत गर्ने प्रक्रिया अघि बढाएको हो।


बैंकिङ स्रोतका अनुसार, सो रकम भुक्तानी गर्ने अग्रपङ्क्तिमा ग्लोबल आईएमई बैंक रहेको छ। जसको मात्रै करिब २ अर्ब ४० करोड रुपैयाँ तिर्नुपर्ने भएको छ। यसबाहेक प्राइम कमर्शियल बैंक, माछापुच्छे बैंक र कुमारी बैंकले पनि आफ्नो हिस्साको भुक्तानी गर्ने प्रक्रिया अघि बढाएका थिए।

नेकपा एमालेका नेता रघुबीर महासेठ भौतिक पूर्वाधार तथा यातायात मन्त्री रहेको बेला पनि रमण कन्सट्रक्सन कम्पनीलाई कालोसुचीमा राखेका थिए।

कुनै बेला देशकै अग्रपंगतीको कन्सट्रक्सन कम्पनीको रुपमा रहेको रमण कन्सट्रक्सन पछिल्लो समयमा ठूलो आर्थिक क्षति व्यहोर्नु परिरहेको छ।

# क्षयरोगको उच्च जोखिममा मधेश

**टुडे समाचारदाता**



जनकपुरधाम। नेपालमा क्षयरोग (टीबी) अझै पनि एक प्रमुख जनस्वास्थ्य समस्याको रूपमा रहेको छ। विश्व स्वास्थ्य संगठनका अनुसार क्षयरोग विश्वव्यापी रूपमा संक्रामक रोगबाट हुने मृत्युका प्रमुख कारणहरूमध्ये एक हो। नेपालले पछिल्ला वर्षहरूमा क्षयरोग नियन्त्रणमा उल्लेखनीय प्रगति हासिल गरे पनि औषधि प्रतिरोधी क्षयरोग (ड्रग-रेजिस्टेन्ट ट्युबरकुलोसिस : डीआर-टीबी) ले स्वास्थ्य प्रणालीलाई थप चुनौती दिइरहेको छ।

औषधि प्रतिरोधी क्षयरोग भनेको क्षयरोगको उपचारमा प्रयोग हुने फर्स्ट-लाइन एन्टी-टीबी औषधिहरूले काम नगर्ने अवस्था हो। यस्तो रोगको उपचार लामो, जटिल र खर्चिलो हुने भएकाले बिरामी, परिवार तथा स्वास्थ्य प्रणाली सबैका लागि चुनौतीपूर्ण हुन्छ। समयमै पहिचान र उपचार नभएमा यस्ता बिरामीबाट अन्य व्यक्तिहरूमा समेत औषधि प्रतिरोधी क्षयरोग सर्न सक्ने भएकाले यसलाई जनस्वास्थ्यको गम्भीर समस्याका रूपमा लिइन्छ।

मधेश प्रदेश नेपालमै क्षयरोगको उच्च भार भएको प्रदेश हो। आर्थिक वर्ष २०८१/८२ मा नेपालभर ३८ हजार ६०६ जना औषधि-संवेदनशील क्षयरोग (डीएस-टीबी) का बिरामीहरू पत्ता लागेकोमा ९ हजार ५९६ जना बिरामी मधेश प्रदेशका थिए। यो संख्या राष्ट्रिय कुल बिरामीको करिब एक चौथाइ हो। यसले मधेश प्रदेशमा क्षयरोग नियन्त्रणका लागि विशेष प्रयास आवश्यक रहेको स्पष्ट देखाउँछ।

> मधेश प्रदेशमा डीआर-टीबी बिरामीहरूको उपचारका लागि पाँच वटा डीआर-टीबी केन्द्र स्थापना गरिएका छन्। साथै बिरामीहरूको पहुँच अभिवृद्धि गर्न १६ वटा सब-सेन्टर सञ्चालनमा ल्याइएको छ। यी केन्द्रहरूमा उपचार, परामर्श तथा नियमित अनुगमनको व्यवस्था गरिएको छ। तर सबै सब-सेन्टरहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा बिरामीहरूले सहज रूपमा सेवा प्राप्त गर्न सकेका छैनन्। फलस्वरूप उपचारमा निरन्तरता कायम राख्न समस्या देखिएको छ।

औषधि प्रतिरोधी क्षयरोगको अवस्था झन् चिन्ताजनक छ। आर्थिक वर्ष २०८१/८२ मा नेपालभर ४०० जना एमडीआर/आरआर-टीबी बिरामी उपचारमा दर्ता भएकोमा ६४ जना मधेश प्रदेशका थिए। राष्ट्रिय क्षयरोग प्रिभ्यालेन्सी सर्भे २०२० अनुसार मधेश प्रदेशमा वार्षिक करिब ३०६ नयाँ डीआर-टीबी बिरामी हुने अनुमान गरिएको छ। तर वास्तविकतामा तीमध्ये केवल ६४ जना मात्र पहिचान भएका छन्। यसले समुदायमा अझै पनि उल्लेखनीय संख्यामा क्षयरोगका बिरामीहरू पहिचान हुन बाँकी रहेको संकेत गर्दछ।

डीआर-टीबी बिरामीहरूको पहिचानका लागि जीन एक्सपर्ट, कल्चर तथा ड्रग ससेप्टिबिलिटी टेस्ट र लाइन प्रोब एसेजस्ता आधुनिक प्रविधिहरू उपलब्ध छन्। तथापि यी सेवाहरूको पहुँच सबै स्थानमा समान रूपमा पुग्न सकेको छैन। भौगोलिक पहुँच, जनचेतनाको कमी, सामाजिक लाञ्छना र भेदभाव, आर्थिक अवस्था तथा स्वास्थ्य संस्थासम्म पुग्नुपर्ने कठिनाइले धेरै बिरामी समयमै परीक्षण गराउन नसक्ने अवस्था देखिन्छ।

मधेश प्रदेशमा डीआर-टीबी बिरामीहरूको उपचारका लागि पाँच वटा डीआर-टीबी केन्द्र स्थापना गरिएका छन्। साथै बिरामीहरूको पहुँच अभिवृद्धि गर्न १६ वटा सब-सेन्टर सञ्चालनमा ल्याइएको छ। यी केन्द्रहरूमा उपचार, परामर्श तथा नियमित अनुगमनको व्यवस्था गरिएको छ। तर सबै सब-सेन्टरहरू पूर्ण क्षमतामा सञ्चालन हुन नसक्दा बिरामीहरूले सहज रूपमा सेवा प्राप्त गर्न सकेका छैनन्। फलस्वरूप उपचारमा निरन्तरता कायम राख्न समस्या देखिएको छ।


हालै सम्पन्न आर्थिक वर्ष २०८२/८३ को कोहोर्ट विश्लेषणले थप चिन्ताजनक अवस्था उजागर गरेको छ। चैत मसान्तसम्म उपचारमा दर्ता भएका ६० जना डीआर-टीबी बिरामीमध्ये ५ जनामा पुनःरोग (रिल्याप्स) देखिएको छ भने ३ जना उपचारबाट छुटेका (लस टु फलो-अप) छन्। डीआर-टीबी बिरामी उपचारबाट छुट्नु भनेको व्यक्तिगत स्वास्थ्य जोखिम मात्र नभइ समुदायमा थप संक्रमण फैलिने खतरा पनि हो। यसले राष्ट्रिय क्षयरोग नियन्त्रण कार्यक्रमको प्रभावकारितामाथि समेत प्रश्न उठाउँछ।

यस्ता चुनौतीहरूको समाधानका लागि सक्रिय बिरामी खोजखोजपडताल कार्यक्रमलाई थप प्रभावकारी बनाउन आवश्यक छ। उच्च जोखिम समूहमा नियमित स्क्रिनिङ, आधुनिक निदान सेवाको पहुँच विस्तार, समुदायस्तरमा स्वास्थ्य शिक्षा, बिरामी परामर्श तथा उपचार अनुगमनलाई सुदृढ बनाउनुपर्छ। साथै स्थानीय सरकार, स्वास्थ्य संस्था, विकास साझेदार तथा समुदायबीचको सहकार्यलाई अझ बलियो बनाउन आवश्यक छ।

विश्वले स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरिरहेको वर्तमान समयमा पनि हामी क्षयरोगजस्तो रोकथाम र उपचार सम्भव भएको रोगबाट पूर्ण रूपमा मुक्त हुन सकेका छैनौं। विशेषगरी औषधि प्रतिरोधी क्षयरोग नियन्त्रणका लागि समयमै पहिचान, प्रभावकारी उपचार र उपचारमा निरन्तरताको सुनिश्चितता अपरिहार्य छ। "स्वस्थ नेपाली, समृद्ध नेपाल" को लक्ष्य हासिल गर्न जनप्रतिनिधि, स्वास्थ्यकर्मी, सञ्चारमाध्यम र सम्पूर्ण नागरिक समाजको साझा प्रतिबद्धता र सक्रिय सहभागिता आवश्यक छ।

औषधि प्रतिरोधी क्षयरोग नियन्त्रण स्वास्थ्य क्षेत्रको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो।





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

# कांग्रेसमा एकता अपरिहार्य

नेपाली कांग्रेसमा भइरहेको समानान्तर गतिविधिलाई रोकेर एकता गर्न अपरिहार्य छ । नेपाली कांग्रेसमा संस्थापन पक्ष र संस्थापन इतर पक्षबीच भइरहेको समानान्तर गतिविधिले समग्रमा कांग्रेसलाई कमजोर बनाइरहेको छ । कांग्रेसले अहिले संसदमा प्रमुख प्रतिपक्षको भूमिकामा रहेको छ । तर रचनात्मक भूमिकामा देखिएको छैन । कांग्रेसमा ६ लाख बढी क्रियाशील सदस्यले आफ्नो सदस्यता अद्यावधिक गरिसकेको संस्थापन पक्षले दाबी गरेको छ । तर त्यसको विरोध गर्दै संस्थापन इतर पक्षले क्रियाशील सदस्यतालाई अद्यावधिक गराएको छैन । नेपाली कांग्रेस देशको सबै भन्दा पुरानो लोकतान्त्रिक पार्टी हो । लोकतान्त्रिक पार्टीमा नेतृत्वको हानथाप हुनु र त्यसका लागि प्रतिस्पर्धा हुनु अस्वभाविक होइन । कांग्रेस पुराना पार्टी भएकाले त्यसमा अधिकांश पुराना नेताहरु रहेका छन् । पार्टीलाई पुराना पुस्ताले नै सञ्चालन गर्दै आएको बेला देशमा गत वर्षको भदौ २३ र २४ गते भएको जेन- जी आन्दोलनको प्रभाव पर्नु अस्वभाविक होइन । कांग्रेसलाई अहिले नयाँ पुस्ताले सञ्चालन गर्ने बाटो खुलेको छ। नेपालमा सरकार सञ्चालन गर्ने जिम्मेवारी पहिलो पटक युवा पुस्ताले पाएको छ । मतदाताहरुले युवामा विश्वास देखाएको छ। त्यो सरकार र एउटा दलको हकमा मात्र नभइ सबै दलमा लागु हुन आवश्यक छ। परम्परागत शैलीबाट द्रुतगतिमा देश विकास हुन नसक्ने निश्चित छ। त्यसका लागि सबै दलमा युवाहरुको नेतृत्व स्थापित हुनुपर्छ। युवाहरुले देशलाई हरेक क्षेत्रमा अगाडि बढाउन सक्छ। युवाहरुमाथि विश्वास गर्न आवश्यक छ । नेपाली कांग्रेसको युवा नेतृत्वले संगठनात्मक संरचनामा आमूल परिवर्तन गर्न नसकेपनि आधुनिकीकरण तर्फ अगाडि बढाएको छ। युवाहरुको काँधमा जिम्मेवारी दिएर पुराना पुस्ताहरुले अभिभाकत्व भूमिका निर्वाह गर्न अग्रसर हुनुपर्छ । पुराना पुस्ताको सम्मान गर्दै युवा पुस्ताले पार्टीलाई अगाडि बढाउन सके त्यसको प्रभाव सबै क्षेत्रमा सकारात्मक रुपमा पर्नेछ । नेपाली कांग्रेसमा दुवै पुस्ताका लागि सहकार्य आवश्यक छ । संस्थापन ईतर पक्षका नेताहरु लोकतन्त्रका लागि अतुलनीय योगदान गरेका पाकाहरु छन् । पुराना पुस्ताको विज्ञहरुको ठूलो संख्या छ । संस्थापन इतर पक्षले हाल आफ्नो उर्जा समानान्तर गतिविधिमा खर्च गर्नु उपयुक्त होइन । कांग्रेसलाई बलियो बनाएर संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थालाई सबल बनाउन पुराना पुस्ता सक्रिय हुनुपर्छ । युवा पुस्तासित भिड्ने भन्दा मिलेर अगाडि बढ्न आवश्यक छ। नेपाली कांग्रेसमा एकता नभए सबल हुन सक्दैन । कांग्रेस सबल नभए देशमा त्यसको नकारात्मक प्रभाव पर्नेछ। नेपाली कांग्रेसका पुराना पुस्ताले युवा पुस्ताको नेतृत्वसित संवाद गरी संगठनलाई सबल बनाउन लाग्नु पर्छ । कांग्रेसमा एकता नभए आसन्न महाधिवेशनमा विभाजन हुने सम्भावना पनि व्याप्त छ। त्यसलाई रोक्न कांग्रेसको दुबै समूह गम्भीर भएर लाग्नुको विकल्प छैन।

# विद्यालय शिक्षामा एआईको उपयोगिता



सुरेश खतिवडा

कृत्रिम बुद्धिमता (Artificial Intelligence–AI) ले विश्वव्यापी रूपमा शिक्षा क्षेत्रमा नयाँ सम्भावनाहरू सिर्जना गरिरहेको छ। विकसित मुलुकहरूमा AI आधारित व्यक्तिगत सिकाइ, मूल्याङ्कन, सामग्री निर्माण तथा शैक्षिक व्यवस्थापनका अभ्यासहरू तीव्र गतिमा विस्तार भइरहेका छन्। तर नेपाल जस्तो सीमित स्रोत, साधन, प्रविधिगत पहुँच तथा दक्ष जनशक्ति भएको देशमा AI को उपयोग कसरी प्रभावकारी र व्यावहारिक बनाउन सकिन्छ भन्ने प्रश्न महत्त्वपूर्ण छ। यहाँ मैले नेपालको विद्यालय शिक्षाको वर्तमान अवस्थाको विश्लेषण गर्दै सीमित साधन र स्रोतबीच पनि AI को अधिकतम उपयोगमार्फत शिक्षण सिकाइ, शिक्षक व्यावसायिक विकास, शैक्षिक व्यवस्थापन तथा समावेशी शिक्षामा गुणात्मक सुधार ल्याउने सम्भावनाहरूको केलाउने प्रयास गरेको छु जहाँ विशेषगरी कम लागत, स्थानीय सन्दर्भ, शिक्षक सशक्तीकरण तथा मानव-केन्द्रित AI प्रयोगमा जोड दिएको छु ।

**परिचय**

२१औं शताब्दीको शिक्षा ज्ञान हस्तान्तरणमा मात्र सीमित नभई समस्या समाधान, सिर्जनशीलता, आलोचनात्मक चिन्तन तथा डिजिटल साक्षरताको विकासमा केन्द्रित हुँदै गएको छ। यस परिवर्तनशील परिवेशमा AI एक शक्तिशाली उपकरणका रूपमा उदाएको छ। ChatGPT, Gemini, Copilot लगायतका AI प्रणालीहरूले सूचना प्राप्ति, सामग्री निर्माण, विश्लेषण तथा अन्तरक्रियात्मक सिकाइलाई सहज बनाएका छन्।

नेपालको विद्यालय शिक्षामा अझै पनि शिक्षक अभाव, स्रोत सामग्रीको कमी, दुर्गम भौगोलिक अवस्था, ठूलो विद्यार्थी-शिक्षक अनुपात, कमजोर सिकाइ उपलब्धि तथा सीमित प्राविधिक पहुँचजस्ता चुनौतीहरू विद्यमान छन्। यस्ता समस्याहरू समाधान गर्न AI कुनै जादुमय उपाय नभए पनि उपलब्ध स्रोतहरूको प्रभावकारी उपयोग गरी शिक्षाको गुणस्तर सुधार गर्ने महत्वपूर्ण माध्यम बन्न सक्छ ।

**नेपालको विद्यालय शिक्षाका प्रमुख चुनौतीहरू**

नेपालको शैक्षिक गुणस्तर सुधारमा निम्न चुनौतीहरू प्रमुख छन्ः

- दक्ष शिक्षक र निरन्तर पेशागत सहयोगको अभाव

धेरै विद्यालयमा विषयगत दक्षता, आधुनिक शिक्षण विधि तथा निरन्तर व्यावसायिक सहयोगको कमी देखिन्छ।

- सिकाइ सामग्रीको सीमित उपलब्धता

स्थानीय भाषा, स्थानीय सन्दर्भ तथा विभिन्न क्षमता भएका विद्यार्थीका लागि उपयुक्त सामग्री पर्याप्त मात्रामा उपलब्ध छैनन्।

- ठूलो कक्षाकोठा र व्यक्तिगत सिकाइको कमी

एक शिक्षकले धेरै विद्यार्थीलाई पढाउनुपर्ने अवस्थाले व्यक्तिगत सिकाइ आवश्यकताको सम्बोधन गर्न कठिन बनाउँछ।

- दुर्गम क्षेत्रमा पहुँच समस्या

इन्टरनेट, पुस्तकालय, प्रयोगशाला तथा अन्य शैक्षिक स्रोतको पहुँच न्यून छ ।

- शैक्षिक व्यवस्थापनमा तथ्याङ्कको कमजोर प्रयोग

धेरै विद्यालयहरूमा निर्णय प्रक्रियामा तथ्याङ्क तथा प्रमाणमा आधारित अभ्यास अझै सीमित छ ।

**सीमित स्रोतमा AI प्रयोगका व्यावहारिक सम्भावनाहरू**

- शिक्षकको सहायकका रूपमा AI

नेपालको सन्दर्भमा AI ले शिक्षकलाई विस्थापित गर्ने होइन, सशक्त बनाउने भूमिका खेल्न सक्छ ।

पाठयोजना निर्माण,
शिक्षकहरूले ब्क्ष को सहयोगमाः
पाठयोजना तयार गर्न
सिकाइ उद्देश्य निर्धारण गर्न
गतिविधिमूलक शिक्षण रणनीति बनाउन
कक्षा अनुकूल अभ्यास प्रश्न तयार गर्न सक्छन् ।

यसले तयारीमा लाग्ने समय घटाएर शिक्षणको गुणस्तर सुधार गर्न मद्दत गर्दछ।

बहुभाषिक सामग्री निर्माण

AI ले नेपाली, अंग्रेजी तथा स्थानीय भाषामा सामग्री तयार गर्न सहयोग गर्न सक्छ। यसले मातृभाषामा आधारित शिक्षालाई थप प्रभावकारी बनाउन सक्छ।

- व्यक्तिगत सिकाइ (Personalized Learning)

प्रत्येक विद्यार्थीको सिकाइ गति फरक हुन्छ। AI आधारित प्रणालीहरूलेः
कमजोर पक्ष पहिचान गर्न
स्तरअनुसार अभ्यास सामग्री उपलब्ध गराउन
अतिरिक्त व्याख्या प्रदान गर्न
स्वअध्ययनलाई सहयोग गर्न सक्छन्।

एक शिक्षकले सबै विद्यार्थीलाई समान रूपमा व्यक्तिगत सहयोग दिन नसक्ने अवस्थामा ब्क्ष प्रभावकारी सहायक बन्न सक्छ।

- मूल्याङ्कन प्रणालीको सुधार

ब्क्ष ले निम्न कार्यहरूमा सहयोग गर्न सक्छः
वस्तुगत प्रश्न जाँच
अभ्यास प्रश्न निर्माण
मूल्याङ्कन निर्देशिका निर्माण
सिकाइ प्रगति विश्लेषण
पृष्टपोषण (Feedback) तयार गर्ने

शिक्षकको प्रशासनिक कार्यभार घट्दा उनीहरूले शिक्षण र विद्यार्थी सहयोगमा बढी समय दिन सक्छन्।

- समावेशी शिक्षामा AI को भूमिका

नेपालले समावेशी शिक्षालाई प्राथमिकता दिएको छ। AI लेः
दृष्टिविहीन विद्यार्थीका लागि Text–to–Speech
श्रवण कठिनाइ भएका विद्यार्थीका लागि Captioning
सिकाइ कठिनाइ भएका बालबालिकाका लागि सरल सामग्री
भाषा रूपान्तरण सेवाहरू
उपलब्ध गराउन सक्छ।

यसले शिक्षामा समान पहुँच विस्तार गर्न सहयोग पुर्याउँछ ।

शिक्षकको निरन्तर पेशागत विकास

दुर्गम क्षेत्रमा रहेका शिक्षकहरूले विशेषज्ञ प्रशिक्षकको प्रत्यक्ष पहुँच पाउन नसक्ने अवस्था सामान्य छ ।

AI आधारित प्रणालीहरूलेः
प्रशिक्षण सामग्री उपलब्ध गराउने
विषयगत जिज्ञासाको उत्तर दिने
शिक्षण रणनीति सुझाव दिने
अनुसन्धान र नवप्रयोगमा सहयोग गर्ने
कार्य गर्न सक्छन्।

यसरी AI "२४ घण्टा उपलब्ध व्यावसायिक सहयोगी" को रूपमा प्रयोग हुन सक्छ।

- विद्यालय व्यवस्थापनमा AI

विद्यालय नेतृत्व तथा व्यवस्थापन सुधारमा AI को प्रयोग गर्न सकिन्छ।

उदाहरणः
विद्यार्थी उपस्थितिको विश्लेषण
सिकाइ उपलब्धिको पहिचान
जोखिममा रहेका विद्यार्थी पहिचान
शैक्षिक योजना निर्माण
प्रतिवेदन लेखन

यसले तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई बलियो बनाउँछ ।




**कम लागतमा AI प्रयोगका रणनीतिहरू**

नेपालको आर्थिक तथा प्राविधिक यथार्थलाई ध्यानमा राख्दै निम्न रणनीतिहरू उपयुक्त देखिन्छन्ः

- मोबाइल-आधारित ब्क्ष प्रयोग

नेपालमा कम्प्युटरभन्दा स्मार्टफोनको पहुँच बढी छ। त्यसैलेः
ChatGPT
Gemini
AI Translator
Voice Assistant

जस्ता उपकरणहरू मोबाइलमार्फत उपयोग गर्न सकिन्छ।

- साझा डिजिटल स्रोत केन्द्र

प्रत्येक विद्यालयमा महँगो पूर्वाधार निर्माण गर्नुभन्दाः
पालिका स्तरमा डिजिटल स्रोत केन्द्र
साझा कम्प्युटर प्रयोगशाला
सामुदायिक सिकाइ केन्द्र
स्थापना गर्न सकिन्छ।

- खुला स्रोत (Open Source) प्रविधि

निःशुल्क वा कम लागतका AI उपकरणहरूको प्रयोगलाई प्राथमिकता दिनुपर्छ ।

- चरणबद्ध कार्यान्वयन

सबै विद्यालयमा एकैपटक लागू गर्नुको सट्टाः
नमूना विद्यालय
पाइलट परियोजना
अनुभव आदानप्रदान
विस्तार
मोडेल प्रभावकारी हुन सक्छ।

**सम्भावित जोखिम र सावधानीहरू**

AI को प्रयोगसँगै केही चुनौतीहरू पनि छन्।

- डिजिटल विभाजन

प्रविधिमा पहुँच भएका र नभएका विद्यार्थीबीचको अन्तर बढ्न सक्छ।

- तथ्यगत त्रुटि

AI ले कहिलेकाहीँ गलत वा अपूर्ण सूचना दिन सक्छ। त्यसैले शिक्षकको समीक्षा आवश्यक हुन्छ।

- आलोचनात्मक चिन्तनमा असर

विद्यार्थीहरूले उत्तर मात्र खोज्ने र सोच्ने प्रक्रिया कमजोर हुने जोखिम रहन्छ ।

- गोपनीयता र डेटा सुरक्षा

विद्यार्थीका व्यक्तिगत विवरणहरूको सुरक्षित व्यवस्थापन आवश्यक छ।

- शिक्षकको भूमिकाबारे भ्रम

AI शिक्षकको विकल्प होइन; शिक्षकको प्रभावकारिता बढाउने उपकरण हो भन्ने स्पष्ट बुझाइ आवश्यक छ।

**नीतिगत सुझावहरू**

नेपालमा विद्यालय शिक्षामा AI को प्रभावकारी उपयोगका लागि निम्न कदम आवश्यक छन्ः

- राष्ट्रिय AI तथा शिक्षा नीति निर्माण।
- शिक्षकका लागि AI साक्षरता कार्यक्रम सञ्चालन।
- स्थानीय भाषामा AI सामग्री विकास।
- विद्यालय तहमा डिजिटल पूर्वाधार विस्तार।
- AI प्रयोगसम्बन्धी नैतिक मापदण्ड निर्माण।
- विश्वविद्यालय, प्रविधि कम्पनी र विद्यालयबीच सहकार्य।
- समावेशी तथा समान पहुँच सुनिश्चित गर्ने कार्यक्रम सञ्चालन।

**निष्कर्ष**

नेपालको विद्यालय शिक्षा प्रणालीले सीमित स्रोत, साधन र पहुँचका अनेक चुनौतीहरू सामना गरिरहेको छ। यद्यपि AI ले यी सबै समस्याको पूर्ण समाधान दिन नसके पनि उपलब्ध स्रोतहरूको दक्ष उपयोग गर्दै शिक्षण सिकाइ प्रक्रियालाई थप प्रभावकारी, समावेशी तथा गुणस्तरीय बनाउन महत्वपूर्ण योगदान पुर्याउन सक्छ। विशेषगरी शिक्षक सशक्तीकरण, व्यक्तिगत सिकाइ, मूल्याङ्कन सुधार, समावेशी शिक्षा तथा शैक्षिक व्यवस्थापनमा AI को प्रयोगले ठूलो सम्भावना बोकेको छ।

नेपालको सन्दर्भमा सफलताको आधार अत्याधुनिक प्रविधिको उपलब्धताभन्दा पनि शिक्षकको क्षमता विकास, स्थानीय आवश्यकता अनुसारको प्रयोग, कम लागतका समाधान तथा मानव-केन्द्रित दृष्टिकोणमा निहित छ। त्यसैले AI लाई शिक्षकको प्रतिस्पर्धी होइन, शिक्षाको गुणस्तर सुधार गर्ने सहयात्रीका रूपमा ग्रहण गर्दै योजनाबद्ध र जिम्मेवार उपयोग गर्न सके विद्यालय शिक्षा रूपान्तरणको नयाँ अध्याय सुरु हुन सक्छ भन्ने लाग्दछ ।

(लेखक लामो समयदेखी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरुमा शिक्षा विज्ञको रुपमा कृयाशिल हुनुहुन्छ ।)

# किन बढ्दैछ नेपालमा थायराइड क्यान्सरका बिरामीहरू?



डा. दिवस सुनार

नेपालमा पछिल्लो समयमा विभिन्न तथ्याङ्कहरू हेर्दा थाइराइड क्यान्सरका बिरामीहरूको सङ्ख्या निरन्तर बढिरहेको देखिन्छ। विशेष गरी महिला र युवा वर्गमा यो समस्या बढी देखिएको छ। यो क्यान्सर थाइराइड ग्रन्थिका कोशिकाहरू असामान्य रूपमा वृद्धि हुँदा हुने गर्दछ। नेपालमा यसको सङ्ख्या बढ्नुका पछाडि चिकित्सा प्रविधिको विकासदेखि लिएर मानिसहरूको जीवनशैली र वातावरणीय कारकहरू जोडिएका छन्।

**नेपालमा थाइराइड क्यान्सरका नयाा बिरामीहरू बढ्नुका मुख्य कारणहरू:**

**१. आधुनिक स्वास्थ्य प्रविधि र उन्नत परीक्षण**

विगतमा नेपालमा थाइराइडसम्बन्धी परीक्षण गर्ने प्रयोगशाला र उपकरणहरू सीमित थिए। तर अहिले देशका धेरैजसो ठाउँमा भिडियो एक्सरे (गतिचबकयगलम), सीटी स्क्यान (ऋत क्अबल), र एफएनएसी (ँल्बऋ - सानो सियोद्वारा गरिने जाँच) जस्ता आधुनिक प्रविधिहरू सजिलै उपलब्ध छन्। कतिपय अवस्थामा अन्य स्वास्थ्य समस्याका लागि घाँटी वा छातीको जाँच गर्दा थाइराइडमा भएका साना-साना गाँठागुँठीहरू (ल्यमगभिक) सुरुवाती अवस्थामै फेला पर्छन्, जसले गर्दा नयाँ बिरामीहरूको सङ्ख्या बढी देखिएको हो।

**२. जनचेतनामा वृद्धि र नियमित स्वास्थ्य जाँच**

पहिले-पहिले घाँटीमा सामान्य गाँठो आउँदा वा नदुख्दासम्म मानिसहरू अस्पताल जाँदैनथे। तर अचेल स्वास्थ्यप्रतिको चेतना बढेका कारण मानिसहरू घाँटी सुन्निने बित्तिकै वा आवाजमा परिवर्तन आउनासाथ चिकित्सककहाँ पुग्छन्। यही जनचेतनाका कारण समयमै रोगको पहिचान हुन थालेकाले तथ्याङ्कमा बिरामीको सङ्ख्या बढेको देखिएको हो।

**३. वातावरणीय प्रदूषण र विषाक्त तत्त्वहरू**

नेपालका सहरी क्षेत्रहरूमा वायु र वातावरणीय प्रदूषण तीव्र गतिमा बढिरहेको छ। हामीले खाने फलफूल, तरकारी र खाद्यान्नमा प्रयोग गरिने अत्यधिक रासायनिक विषादीहरूले हाम्रो शरीरको हर्मोन प्रणालीलाई बिगार्छन्। यी विषाक्त तत्त्वहरूले थाइराइड ग्रन्थिको डीएनएमा उत्परिवर्तन गराउन सक्छन्, जसले क्यान्सरको जोखिम बढाउँछ।

**४. रेडिएसन (विकिरण) को बढ्दो प्रभाव**

विभिन्न स्वास्थ्य समस्याका कारण घाँटी, दाँत, टाउको वा छातीको बारम्बार र असुरक्षित तरिकाले एक्सरे वा रेडिएसन थेरापी गर्दा त्यसको नकारात्मक असर थाइराइड ग्रन्थिमा पर्न सक्छ। बाल्यकालमा रेडिएसनको प्रभाव परेका व्यक्तिहरूमा पछि गएर थाइराइड क्यान्सर हुने सम्भावना धेरै रहन्छ।

**५. आयोडिनको असन्तुलन र खानपान**

नेपाल लामो समयदेखि आयोडिनको कमीका कारण हुने गलगाँडको समस्याबाट प्रभावित देश हो। यद्यपि अचेल आयोडिनयुक्त नुनको प्रयोग बढेको छ, तर अझै पनि दुर्गम क्षेत्रहरूमा आयोडिनको असन्तुलन र अस्वस्थकर जीवनशैली कायम छ। मोटोपना, प्रशोधित खानेकुराको अत्यधिक सेवन र शारीरिक निष्क्रियताले पनि शरीरको इम्युनिटी (रोग प्रतिरोधात्मक क्षमता) कमजोर बनाई क्यान्सरको जोखिम निम्त्याउँछ।

**६. वंशाणुगत वा आनुवंशिक कारण** (न्भलभतष्अक)

परिवारमा कसैलाई थाइराइड वा अन्य कुनै प्रकारको क्यान्सर भएको छ भने अन्य सदस्यहरूमा पनि यो रोग सर्ने जोखिम बढी हुन्छ। विशेष गरी 'मेडुलरी' र 'प्यापिलरी' प्रकारका थाइराइड क्यान्सरहरू वंशाणुगत कारणले पनि हुने गरेको पाइएको छ।

**निष्कर्ष**:

नेपालमा थाइराइड क्यान्सर बढ्नुको एउटा सकारात्मक पाटो भनेको रोगको समयमै पहिचान हुनु हो। थाइराइड क्यान्सरको बेलैमा सही उपचार गरेमा ९५% भन्दा बढी बिरामीहरू पूर्ण रूपमा निको हुन्छन्। त्यसैले घाँटीमा कुनै पनि प्रकारको गिर्खा वा गाँठो देखिएमा ढिला नगरी चिकित्सकसँग परामर्श गर्नु नै यसबाट बच्ने उत्तम उपाय हो।



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि.शाखा कार्यालय बर्दिबास, महोत्तरी को २१ दिने सूचना

यस बैंकबाट तपशिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघि निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले बारम्बार ताकेदा गर्दा पनि आलटाल गरि बुझाउनुपर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनको लागि यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन २०७३, कृषि विकास बै.क लि.को कर्जा असुली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपरगरिने व्यहोरा समेत जानकारी गराउँदछौ । साथै तपशिल बमोजिका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिने मन्जुरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**कार्यालयको नामः श्री कृषि विकास बैंक लि. शाखा कार्यालय बर्दिबास, महोत्तरी**

| क्र.सं. | कर्जा ग्राहकको नाम (फर्म र प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | उद्देश्य | साँवा रकम रु. | मिति २०८३ जेष्ठसम्मको व्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिनेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सिता कृषि तथा पशुपंक्षि फर्म (प्रो.सिता बिश्वकमा कामी) | बर्दिबास न.पा.०५, महोत्तरी | ससुराःज्ञान बहादुर बिश्वकर्मा | पिताःइन्द्र बहादुर कामी पतिःपदम बहादुर बिश्वकर्मा | सहुलिय कर्जा | २,९४,३२०।७० | १०,९२५।३६ | ३,०५,२४६।०६ | मन माया बिश्वकर्मा | |
| २ | बहुउद्देश्य ईन्द्रेणी पशुपालन फर्म (प्रो.सुर्य देव महतो) | बर्दिबास न.पा.१३ महोत्तरी | बाजेः जनक महतो | पिता : अगम महतो | बिभिन्न | २६,०९,८१७।४६ | ८६,५००।- | २६,९६,३१७।४६ | सुर्य देव महतो | |
| ३ | रजनी लामा | बर्दिबास न.पा.०५ महोत्तरी | ससुरा :बृखलाल स्याङवा | पिताः मान बहादुर लामा पतिःटेक बहादुर स्याङवा | घरायसि | ५,००,०००।- | ६८,२३३।५५ | ५,६८,२३३।५५ | चेमु माया तामाङ्ग | |
| ४ | संन्तोषी कुमारी साह | बर्दिबास न.पा. ०६,महोत्तरी | ससुराःदोरिक साह | पिताः बेचन साह पतिःजीवछ साह तेली | ओ.डि. | १५,००,०००।- | ६५,०००।- | १५,६५,०००।- | संन्तोषी कुमारी साह | |
| ५ | तेतरी देवी | बर्दिबास न.पा.१२ महोत्तरी | ससुराः लोचन पासमान | पिताः सुवंश पासमान पतिः राम नरेश पासमान | सरल कृषि | २,०३,०७६।- | ५,०००।- | २,०८,०७६।- | तेतरी देवी | |

**कृषि विकास बैंक लि.**
मधेश प्रदेश कायालय, जनकपुर

# चौरसियासहित ६ जना भ्रष्टाचारी ठहर

**टुडे समाचारदाता**

वीरगञ्ज । विशेष अदालतले म्यामोग्राफी मेसिन खरिदसम्बन्धी भ्रष्टाचार मुद्दामा वीरगञ्जका सुरेन्द्रप्रसाद चौरसियासहित ६ जनालाई दोषी ठहर गर्दै कैद र जरिवानाको सजाय सुनाएको छ।

विशेष अदालतका न्यायाधीशद्वय नारायणप्रसाद पौडेल र उमेश कोइरालाको इजलासले मिश्रलाई सफाइ दिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मिश्रासहित १४ जनाविरुद्ध २ कात्तिक २०८२ मा विशेष अदालतमा भ्रष्टाचारको मुद्दा दायर गरेको थियो।



विशेष अदालतले सुनाएको फैसला अनुसार श्रवण कुमार थापा, वीरगञ्जका सुरेन्द्रप्रसाद चौरसिया, आशिष चौहान, पद्मा मिश्र, संजय कुमार साह तथा म्याक्सिम ट्रेडर्सका सञ्चालकलाई भने दोषी ठहर गरिएको छ । अदालतले बदनियतपूर्वक मिलेमतो गरी खरिद प्रक्रिया सञ्चालन गरेको ठहर गर्दै उनीहरूलाई जनही ४ महिना कैद सजाय सुनाएको छ।

सोही मुद्दामा स्वास्थ्य सेवा विभागकी पूर्वमहानिर्देशक संगीता कौशल मिश्रासहित ८ जनालाई सफाई दिइएको छ। उनीहरुको घटनामा प्रत्यक्ष संलग्नता नरहेको भनी सफाई दिइएको हो । दोषी ठहर भएका प्रतिवादीहरूबाट ५ लाख ४७ हजार ८ सय १७ रुपैयाँ बिगो असुल गरिने तथा जनही २० हजार रुपैयाँका दरले जरिवाना पनि गरिनेछ।

आयोगले मेमोग्राफी मेसिन खरिद प्रक्रियामा लागत अनुमान तयार गर्ने चरणदेखि नै मिलेमतो गरी ठेकेदार कम्पनीलाई लाभ पुग्ने गरी कार्य सम्पन्न गरिएको दाबी गरेको थियो। ठेक्का सम्झौताको सर्तअनुसार सम्पूर्ण सामग्री नआईकनै झुटो तथा नक्कली बिलबिजक तयार गरी १३ करोड ३७ लाख ८३ हजार रुपैयाँ भुक्तानी गरिएको आयोगको दाबी थियो।

ठेक्काको लागत अनुमान १२ करोड ७५ लाख रुपैयाँ स्वीकृत गरिएकामा आपूर्तिकर्ता कम्पनी म्याक्सिम इन्कर्पोरेसन ट्रेडर्स प्रालिले १२ करोड ५५ लाख रुपैयाँ प्रस्ताव राखेको थियो। ठेक्का प्रक्रिया सुरु हुनुअघि नै आपूर्तिकर्ता कम्पनीसँग गोप्य विवरण साझा गरिएको र सम्पूर्ण खरिद प्रक्रिया मिलेमतोमै भएको प्रमाणित भएको छ।

उत्पादन कम्पनी जनरल मेडिकल मिरेटटि इटलीबाट पठाइएको सामानको वास्तविक मूल्य करिब ६ करोड ८५ लाख रुपैयाँ मात्र रहे पनि विभागले झन्डै १४ करोड १८ लाख मूल्यमा भुक्तानी गरेको अख्तियारको दावी थियो । अदालतको पछिल्लो फैसलासँगै मुद्दामा संलग्न प्रतिवादीहरूको कानुनी जिम्मेवारी र संलग्नताको विषयमा स्पष्ट निष्कर्ष आएको छ।

# औषधी पसलहरुको दर्ता रद्द

**टुडे समाचारदाता**

वीरगञ्ज । औषधि व्यवस्था विभागले पर्सा जिल्लाका १ सय ४४ वटा औषधि पसल तथा फार्मेसीहरूको दर्ता प्रमाणपत्र रद्द गरेको छ। विभागका अनुसार खारेजी सूचीमा पर्सा जिल्लाका मात्रै एक सय ४४ वटा औषधि पसल तथा फार्मेसी परेको हो।

म्याद समाप्त भइसकेका ती पसलहरूले अब कानुनी रूपमा औषधि बिक्री वितरण तथा फार्मेसी सञ्चालन गर्न नपाउने विभागले स्पष्ट पारेको छ। विभागका अनुसार कानुनी म्यादभित्र नवीकरण नगरेपछि ती पसलहरूको सञ्चालन अनुमति स्वतः रद्द गरिएको बताइएको छ।

विभागले सबै सञ्चालकलाई आफ्नो दर्ता स्थिति तत्काल यकिन गरी आवश्यक कानुनी प्रक्रिया पूरा गर्न आग्रह गरेको छ। साथै, औषधि बिक्री-वितरण गर्दा प्रचलित कानुन र विभागीय निर्देशन पूर्ण रूपमा पालना गर्न कडा निर्देशन समेत दिएको छ। विभागले म्याद समाप्त भइसकेका पसलहरूले अब कानुनी रूपमा औषधि कारोबार गर्न नपाउने स्पष्ट गर्दै जनस्वास्थ्यमा खेलबाड नगर्न चेतावनी समेत दिइएको छ।

खारेज गरिएका जिल्लाका औषधि पसल तथा फार्मेसीहरूमा वेलकेम ड्रग डिस्ट्रीब्युटर, जितेन्द्र मेडिकल हल, पियुष फार्मेसी, स्वास्थ्य नेपाल फार्मेसी प्रालि, रेहाना मेडिकल हल, सुबोध मेडिकल, दिर्घायु फार्मेसी, तीर्था फार्मा प्रालि, नारायणी फार्मेसी प्रालि, अवधा भेटेनरी सप्लायर्स, शितल फार्मेसी, अशोकश्याम आयुर्वेद फार्मा, अक्षेयता फार्मेसी, हिमालयन फार्मेसी, अभिमन्यु मेडिकल हल, जगन्नाथ फार्मेसी, अग्रिम फार्मेसी, ग्रान्ड मेडिसिन्स, अद्वैता आयुर्वेदिक स्टोर, अफ्रिना मेडिकल हल।


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको तपसिलमा उल्लेखित शाखा कार्यालयहरुबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ। बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
|---|---|
| २०८३/०३/१७ गते/स्थान : सम्बन्धित शाखा कार्यालय | २०८३/०३/१९ गते, शुक्रबार दिनको ३ बजे |

| क्र.सं. | शाखा कार्यालय : हरिवन, सर्लाही | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | |
| १. | **नाम : शुभम कपडा पसल**<br>नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, वाणिज्य विभाग<br>प्रा.फ.र.नं. ३२३६/०७१/०७२, दर्ता मिति : २०७१/०६/१३, पान नं. ६०२६३१३५८, दर्ता मिति : २०७१/०७/०३<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११, **प्रोप्राइटर : लाल बाबु साह रौनियार** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : लाल बाबु साह रौनियार**<br>ना.प्र.नं. ३६८९२००८, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५५/१२/२८<br>बाबुको नाम : राम बाबु साह रौनियार<br>बाजेको नाम : मोजे साह<br>ठेगाना : सर्लाही जिल्ला, भाँडसर गा.वि.स. वडा नं. ८<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ | **२. नाम : इन्द्रा देवी साह**<br>ना.प्र.नं. १९/२०८९/६६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६७/११/०१<br>पतीको नाम : लाल बाबु साह रौनियार<br>ससुराको नाम : राम बाबु साह रौनियार<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |
| | **३. नाम : शुभम कुमार साह**<br>ना.प्र.नं. १९-०२-७५-०२३१३, जि.प्र.का. सर्लाही, जारी मिति : २०७५/०५/२९<br>बाबुको नाम : लाल बाबु साह रौनियार, बाजेको नाम : राम बाबु साह रौनियार<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ९, हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ | |
| | **धितोको विवरण** | |
| | इन्द्रा देवी साहको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ६ ख स्थित कित्ता नं. ५२२६ र ५२३८ को क्षेत्रफल क्रमशः ०-०-१०-० र ०-०-३-८ (ब.मि.) भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | |
| २. | **नाम : स्वाभिमान अस्पताल प्रा.लि.**<br>नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रलय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौं<br>दर्ता नं. १२५४४३ /०७१/०७२, दर्ता मिति : २०७१/०४/२८, पान नं. ६०२४०५४७४, दर्ता मिति : २०७१/०६/२२<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११, **संचालक : बेनी बहादुर कार्की** | |
| | **जमानतकर्ताको विवरण** | |
| | **१. नाम : गौरी शंकर महतो**<br>ना.प्र.नं. १९१७२४४०९६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५३/०३/१२<br>बाबुको नाम : राम चरित्र महतो कोइरी<br>बाजेको नाम : राम जिवन महतो<br>ठेगाना : सर्लाही जिल्ला, ब्रह्मपुरी गा.वि.स. वडा नं. ७<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ८ | **२. नाम : बेनी बहादुर कार्कि**<br>ना.प्र.नं. ३६४११०९७१, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५२/०९/२०<br>बाबुको नाम : बद्री बहादुर कार्की<br>बाजेको नाम : तुला विक्रम कार्की<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |
| | **३. नाम : सुन्दर के.सी.**<br>ना.प्र.नं. २९९३, जि.प्र.का. मकवानपुर<br>जारी मिति : २०५२/०४/०३<br>बाबुको नाम : शोवर्ण के.सी.<br>बाजेको नाम : मान बहादुर के.सी.<br>ठेगाना : मकवानपुर जिल्ला, दामन गा.वि.स. वडा नं. ६<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ | **४. नाम : कमल विक्रम कार्की**<br>ना.प्र.नं. ३६४११६८४, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६०/०७/२९<br>बाबुको नाम : भैरव बहादुर कार्की<br>बाजेको नाम : तुला विक्रम कार्की<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ९<br>हाल : सर्लाही जिल्ला, हरिवन न.पा. वडा नं. ११ |
| | **धितोको विवरण** | |
| | १. स्वाभिमान अस्पताल प्रा.लि. को नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन वडा नं. ५/क र ६/क स्थित कित्ता नं. १०७४ र १५७२ को क्षेत्रफल क्रमशः ०-७-०-० र ०-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।<br>२. वेनी बहादुर कार्किको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन वडा नं. ७/ख स्थित कित्ता नं. ७५९ को क्षेत्रफल ०-३-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| ३. | **नाम : भिम बहादुर विश्वकर्मा**<br>ना.प्र.नं. ३६४१९५०९, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४६/०९/०५<br>बाबुको नाम : बल बहादुर विश्वकर्मा<br>बाजेको नाम : जित बहादुर विश्वकर्मा<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. ९ | **नाम : इश्वर बहादुर वि.क.**<br>ना.प्र.नं. १९२०८९/१२५७, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०६६/०१/२२<br>बाबुको नाम : भिम बहादुर विश्वकर्मा<br>बाजेको नाम : बल बहादुर विश्वकर्मा<br>ठेगाना : सर्लाही जिल्ला, हरिवन वडा नं. ९ |
| | **धितोको विवरण** | |
| | भिम बहादुर विश्वकर्माको नाममा मालपोत कार्यालय हरिवनमा दर्ता श्रेष्ता कायम रहेको सर्लाही जिल्ला, हरिवन गा.वि.स. वडा नं. ६/क स्थित कित्ता नं. ४१८ को क्षेत्रफल ०-०-१० ब.मि. भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

| क्र.सं. | शाखा कार्यालय : रूपनी, सप्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **जमानतकर्ताको विवरण** |
| १. | **नाम : जागेश्वर चौधरी**<br>ना.प्र.नं. ६२६८८५५२, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०५१/०४/०७<br>बाबुको नाम : विजल प्रसाद चौधरी<br>बाजेको नाम : अमृतलाल चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, भंगाहा वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ | **नाम : रम्भा कुमारी चौधरी**<br>ना.प्र.नं. ३०५४, जि.प्र.का. सप्तरी<br>जारी मिति : २०६२/०६/११<br>पतिको नाम : जागेश्वर चौधरी<br>ससुराको नाम : विजल प्रसाद चौधरी<br>ठेगाना : सप्तरी जिल्ला, भंगाहा वडा नं. ७<br>हाल : सप्तरी जिल्ला, अगनीसाईर कृष्णासवरन गा.पा. वडा नं. १ |
| | **धितोको विवरण** | |
| | जागेश्वर चौधरीको नाममा मालपोत कार्यालय सप्तरीमा दर्ता श्रेष्ता कायम रहेको सप्तरी जिल्ला, भंगाहा गा.वि.स. वडा नं. ७ ख स्थित कित्ता नं. ११५८, ११५६ र ११५४ को क्षेत्रफल क्रमशः ०-९-०, ०-१-१९.५ र ०-१-१७ (बिगाहा) भएको घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । | |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : हरिवन, सर्लाही, फोन नं. ०४६-५३००८३
रुपनी, सप्तरी, फोन नं. ०३१-४५००१२
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np


# भारतको स्वास्थ्यमा फड्को

**टुडे समाचारदाता**



वीरगञ्ज । भारत सरकारले सार्वजनिक गरेको राष्ट्रिय परिवार स्वास्थ्यसर्वेक्षण-६(एनएफएचएस-६) ले स्वास्थ्य, पोषण, परिवार नियोजन तथा महिला सशक्तीकरणका क्षेत्रमा उल्लेखनीय उपलब्धि हासिल गरेको देखाएको छ।

उक्त सर्वेक्षण बारे भारतीय महावाणिज्य दूतावास, वीरगञ्जले मंगलबार पत्रकार सम्मेलन आयोजना गरी जनाएको हो। भारतीय महावाणिज्य दूत देवी सहाय मीनाले सन् २०२३-२४ मा सञ्चालन गरिएको सर्वेक्षणले भारतका ७१५ जिल्लाका करिब ६ लाख ७९ हजार परिवारलाई समेटेको जानकारी दिए।

महावाणिज्य दूत मीना अनुसार गर्भवती महिलामध्ये ९५.९ प्रतिशतले प्रसवपूर्व स्वास्थ्य सेवा प्राप्त गरेका छन्। गर्भावस्थाको पहिलो त्रैमासिकमै स्वास्थ्य परीक्षण गराउने महिलाको संख्या ७० प्रतिशतबाट बढेर ७६.२ प्रतिशत पुगेको छ भने कम्तीमा चार पटक प्रसवपूर्व जाँच गराउने महिलाको प्रतिशत ५८.५ बाट ६५.२ प्रतिशत पुगेको छ। संस्थागत प्रसूति ८८.६ प्रतिशतबाट बढेर ९०.६ प्रतिशत पुगेको तथ्यांकले सुरक्षित मातृत्वतर्फ भारतको प्रगति झल्काएको उनले बताए।

परिवार नियोजनको क्षेत्रमा पनि सकारात्मक सुधार देखिएको छ । भारतको कुल प्रजनन दर (टीएफआर) २.० मा स्थिर रहेको छ भने गर्भनिरोधक साधनको प्रयोग ६६.७ प्रतिशतबाट बढेर ६९.१ प्रतिशत पुगेको छ। यसले परिवार नियोजन सेवाको पहुँच र जनचेतनामा वृद्धि भएको संकेत गर्ने महावाणिज्य दूत मीना बताउँछन्।

बाल स्वास्थ्य तथा खोप अभियानमा पनि उल्लेखनीय सफलता हासिल भएको सर्वेक्षणले देखाएको छ। १२ देखि २३ महिनाका बालबालिकामा पूर्ण खोपको पहुँच ८३.८ प्रतिशतबाट बढेर ८७.१ प्रतिशत पुगेको छ। रोटाभाइरस खोपको पहुँच ३६.४ प्रतिशतबाट बढेर ८५.४ प्रतिशत पुगेको छ भने दादुरा विरुद्धको दोस्रो मात्रा खोपको पहुँच ५८.६ प्रतिशतबाट बढेर ७१.८ प्रतिशत पुगेको छ।

बाल पोषणको क्षेत्रमा समेत सुधार देखिएको छ। पाँच वर्षमुनिका बालबालिकामा पुड्कोपन ३५.५ प्रतिशतबाट घटेर २९.३ प्रतिशतमा झरेको छ भने अत्यधिक कुपोषण ७.७ प्रतिशतबाट घटेर ५.२ प्रतिशतमा सीमित भएको छ। यसले पोषण सुधारका लागि सञ्चालन गरिएका सरकारी कार्यक्रम प्रभावकारी रहेको संकेत गरेको छ।

त्यसैगरी स्वास्थ्य बीमाको पहुँच परिवारस्तरमा ४१ प्रतिशतबाट बढेर ६०.२ प्रतिशत पुगेको छ। महिलाको डिजिटल तथा वित्तीय सशक्तीकरणमा पनि उल्लेखनीय प्रगति भएको छ। इन्टरनेट प्रयोग गर्ने महिलाको संख्या ३३.३ प्रतिशतबाट बढेर ६४.३ प्रतिशत पुगेको छ भने आफ्नै बैंक खाता सञ्चालन गर्ने महिलाको प्रतिशत ७८.६ बाट ८९ प्रतिशत पुगेको छ।

# रक्तदान शिविर सम्पन्न




**टुडे समाचारदाता**

वीरगञ्ज । मानवताको सेवा र जीवन बचाउने उद्देश्यले विश्वभर मनाइने विश्व रक्तदाता दिवस २०२६ को अवसरमा वीरगञ्जमा भव्य रक्तदान शिविर सम्पन्न गरिएको छ।

सामाजिक उत्तरदायित्व तथा मानवीय सेवाप्रतिको प्रतिबद्धतालाई निरन्तरता दिँदै वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले विभिन्न सामाजिक संस्थासँगको सहकार्यमा रक्तदान कार्यक्रम सम्पन्न गरेको हो।

कार्यक्रमप्रति स्थानीय समुदाय, युवा वर्ग तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिहरूले उल्लेखनीय उत्साह देखाएका थिए। रक्तदान शिविरमा सहभागीहरूले स्वेच्छाले रक्तदान गर्दै मानव जीवन बचाउने अभियानमा ऐक्यबद्धता जनाएका थिए। रक्तको अभावका कारण अस्पतालमा उपचाररत बिरामीहरूले भोग्नुपरेको समस्या कम गर्न यस्ता अभियान प्रभावकारी हुने विश्वास व्यक्त गरिएको छ।

सहभागीहरूले रक्तदानलाई केवल सामाजिक दायित्व मात्र नभई जीवनदानको महत्वपूर्ण माध्यमका रूपमा लिएको बताएका थिए। कार्यक्रमका क्रममा भारतका महावाणिज्य दूतले रक्तदाताहरूसँग प्रत्यक्ष भेटघाट गरी उनीहरूको योगदानको उच्च प्रशंसा गरेका थिए। महावाणिज्य दूत मीनाले भने, "रक्तदानले आवश्यक परेका व्यक्तिलाई नयाँ जीवन मात्र प्रदान गर्दैन, यसले समाजप्रति समर्पण र मानव सेवाको उच्च भावना पनि अभिव्यक्त गर्छ। रक्तदाताहरूको निस्वार्थ योगदान मानवताको सबैभन्दा उत्कृष्ट उदाहरण हो।"

उनले रक्तदानजस्ता मानवीय अभियानहरूले समुदायबीच सहकार्य, सद्भाव र सामाजिक एकताको भावना बलियो बनाउने बताउँदै यस्ता कार्यक्रमहरूलाई निरन्तरता दिन आवश्यक रहेको धारणा व्यक्त गरे।

कार्यक्रमले सामाजिक संस्थाहरू, युवाहरू र स्थानीय समुदायबीचको सहकार्यलाई थप मजबुत बनाएको सहभागीहरूको भनाइ छ। रक्तदान अभियानले मानव जीवन बचाउने सन्देश मात्र प्रवाह नगरी समाजमा परोपकार र सेवाभावको संस्कृतिलाई पनि प्रवर्द्धन गरेको छ।

विश्व रक्तदाता दिवसको अवसरमा आयोजित यो रक्तदान शिविरले रक्तदानप्रतिको जनचेतना अभिवृद्धि गर्नुका साथै "रक्तदान-जीवनदान" भन्ने सन्देशलाई अझ प्रभावकारी रूपमा समाजमा स्थापित गरेको विश्वास गरिएको छ। वीरगञ्जमा आयोजित यस कार्यक्रमले मानवता, सहकार्य र सामाजिक उत्तरदायित्वको उत्कृष्ट उदाहरण प्रस्तुत गरेको छ।

# मानसिक रोगीको मृत्यु हुने संख्यामा वृद्धि

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका जिल्लाहरूमा मानसिक रोगीहरूको मृत्यु हुने संख्यामा वृद्धि हुँदै गएको तथ्य सार्वजनिक गरिएको छ।



मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयको आयोजना तथा संयुक्त राष्ट्र संघीय जनसङ्ख्या कोष र टिओपी नेपालको सहयोग एवं समन्वयमा मंगलवार जनकपुरधाममा आयोजित "मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवा कार्यक्रम"को प्रदेशस्तरीय वार्षिक समीक्षामा यस्तो जनाइएको हो।

मानसिक स्वास्थ्य समस्याका कारणले पछिल्लो वर्षमात्रै १ हजार २ सय ८८ जनाको मृत्यु भएको मधेश प्रदेशको स्वास्थ्य निर्देशनालयले जनाएको छ । मानसिक स्वास्थ्य समस्याका कारणले झुन्डिएर १ हजार १ सय ६ जनाको मृत्यु हुनुका साथै विष सेवनका कारणले १ सय ८२ जनाको मृत्यु भएको स्वास्थ्य निर्देशनालयले तथ्यांक सार्वजनिक गरेको हो।

कार्यक्रमको उद्घाटन गर्नुहुँदै मधेश स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री नागेन्द्र प्रसाद साहले पछिल्लो समयमा विभिन्न कारणले मानसिक स्वास्थ्य समस्यामा वृद्धि हुँदै जानु चिन्ताजनक अवस्था रहेको बताए। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोद कुमार यादवले प्रदेशका ६४ लाख जनसंख्यामा मानसिक रोगको उपचारका लागि सरकारी तथा नीजि क्षेत्रमा गरी १० जना चिकित्सक मात्र प्रदेशमा उपलब्ध रहेको जानकारी गराए।

मधेश प्रदेशका स्वास्थ्य निर्देशक सरोजचन्द्र न्यौपानेको अध्यक्षतामा भएको समीक्षा बोल्दै संयुक्त राष्ट्रसङ्घीय जनसंख्या कोषका मधेश प्रदेशका प्रमुख डा. नरेन्द्र कुमार मिश्रले वर्षको १ हजार ३ सय जनाको मानसिक स्वास्थ्यका कारणले मृत्यु हुनु चिन्ताको विषय भएको बताउँदै हरेक पालिकामा मानसिक स्वास्थ्य परामर्श सेवालाई प्रभावकारी बनाउन आवश्यकता रहेकोमा जोड दिए।

मधेश प्रदेशका १३६ पालिकामध्ये सामी परियोजनाको सहयोगमा ९३ पालिकामा हाल मनोसामाजिक परामर्शकर्ताको पहुँच पुऱ्याउने काम भएको र मानसिक रोगको अत्यावश्यक औषधि खरिद गरेर वितरण गर्ने काम भएको स्वास्थ्य निर्देशनालयले जनाएको छ।

सो कार्यक्रममा प्रदेशका ८ वटै जिल्लाका स्वास्थ्य कार्यालय प्रमुख, स्वास्थ्यकर्मी लगायतको उपस्थितिमा भएको प्रदेश स्तरीय समीक्षामा मानसिक स्वास्थ्य समस्याको समाधानका लागि नीति र नियत दुवैमा सुधार गरेर अगाडी बढ्नुपर्नेमा वक्ताहरुले जोड दिएका थिए।


## कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८३/०३/०३ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस ज्योति विकास बैंक लिमिटेडको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीले लिनु भएको ऋण कर्जाको समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि तिर्न बुझाउनको लागि पटक पटक फोन मार्फत, मौखिक एवं लिखित रुपमा अनुरोध गरी तरताकेता गर्दा समेत बैंकको अनुरोधलाई बेवास्ता गरी कर्जा भुक्तानी नगर्नु भएकोले कर्जा भुक्तानी गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी कर्जा सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन पर्ने सम्पूर्ण बक्यौता रकम चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन, कानून एवं यस बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम विक्री वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षहरुलाई कर्जा सूचना केन्द्रको कालोसूचिमा नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितोबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, प्रचलित ऐन कानून अनुसार ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र कर्जा चुक्ता गर्न गराउनु हुन ऋणी तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा अनुरोध गरिन्छ ।

**तपसिल**

| क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी | |
|---|---|---|
| | **ऋणीको नाम, ठेगाना** | **धितोको विवरण** |
| १. | **नाम : मंजु देवी चौधरी**<br>ना.प्र.नं. १८२०४९/३८३, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६६/०६/२१<br>पतिको नाम : विजय कुमार चौधरी<br>ससुराको नाम : राम बहादुर चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, खोपी वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. ६ | मंजु देवी चौधरीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, शिवभक्तिखोर वडा नं. ५ क स्थित कित्ता नं. ७६१ को क्षेत्रफल ०-०-०-६ भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत । |

ज्योति विकास बैंक लि.
JYOTI BIKASH BANK LTD.
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# सेफ साह धरौटीमा रिहा




**टुडे समाचारदाता**

जनकपुरधाम । बैंकिङ कसुर सम्बन्धी मुद्दामा पक्राउ परेका जनकपुरधामस्थित मिथिला थाली होटलका संचालक एवं चर्चित सेफ सन्तोष साह बिगो बराबरको धरौटी बुझाएर रिहा भएका छन् ।

काठमाडौं प्रहरी परिसरका प्रवक्ता एसपी पवन भट्टराईका अनुसार साहले मुद्दामा दाबी गरिएको बिगो रकम बराबरको धरौटी बुझाएपछि हाजिर जमानीमा रिहा भएका हुन् । प्रहरीले मुद्दाको अनुसन्धान भने जारी रहेको जनाएको छ ।

प्रहरीका अनुसार अनुसन्धानका क्रममा आवश्यक पर्दा उपस्थित हुने सर्तमा साहलाई छाडिएको हो । उनीसँगै पक्राउ परेका सिरहाको कर्जन्हा नगरपालिका-९ निवासी ५८ वर्षीय नारायण साह सुडी पनि धरौटी प्रक्रिया पूरा गरेपछि रिहा भएका छन् ।

जिल्ला अदालत काठमाडौंबाट पक्राउ अनुमति प्राप्त भएपछि प्रहरीले गत शुक्रबार साहलाई जनकपुरधाम उपमहानगरपालिका-८ स्थित रामानन्द चोकबाट पक्राउ गरेको थियो । पक्राउपछि दुवैलाई अनुसन्धानका लागि काठमाडौं लगिएको थियो । गैरीधारास्थित एक रेस्टुरेन्ट खरिद बिक्रीको आर्थिक कारोबारलाई लिएर उत्पन्न विवादपछि साहविरुद्ध बैंकिङ कसुरको मुद्दा दर्ता भएको थियो ।

रेस्टुरेन्ट खरिद गर्दा सम्झौताअनुसारको सम्पूर्ण रकम भुक्तानी नभएको आरोप लगाउँदै शकुन्तला अधिकारी (थापा) ले अदालतमा मुद्दा दायर गरेकी थिइन् । उक्त उजुरीका आधारमा अदालतबाट पक्राउ पुर्जी जारी भएपछि प्रहरीले साहलाई नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाएको थियो ।

यद्यपि, धरौटी बुझाएपछि उनी हाल हाजिर जमानीमा रिहा भएका छन् भने मुद्दासम्बन्धी थप अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ ।

# खानेपानीको बजेटमा वृद्धि, जनकपुरका लागि ८० करोड

**टुडे समाचारदाता**

जनकपुरधाम । तराई मधेशमा अधुरा योजना कार्यान्वयनका लागि संघीय सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को लागि बजेट बढाएको छ ।

२८० ओभरहेड ट्यांकी निर्माण भए पनि प्रयोगविहीन हुँदै आएकाले अब सञ्चालनमा ल्याउने तयारीस्वरुप साढे २ अर्ब बजेट छुट्याएको जनाइएको छ ।

विभिन्न प्राविधिक कारण, पाइपलाइन विस्तारमा अवरोध, तथा जनसहभागिता जुट्न नसक्दा विगत लामो समयदेखि उक्त ट्यांकी अलपत्र परेका थिए। अब यसलाई पूरा गरेर स्थानीय तहमा हस्तान्तरण गर्ने र तराई-मधेशका नागरिकहरूलाई सुरक्षित खानेपानी सेवा पुऱ्याउने उद्देश्यले यो बजेट छुट्याइएको पूर्वाधार विकास मन्त्रालयले जानकारी दिएको छ ।

चालू आर्थिक वर्ष २०८२/८३ मा यी योजना पूरा गर्न १५ करोड रुपैयाँ मात्र बजेट दिइएको थियो । आगामी आवलाई दिइएको बजेट चालू आवमा विनियोजितभन्दा १६ गुणा बढी हो । यसका साथै यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआरलगायतका अध्ययन कार्यहरुका लागि थप ८८ लाख २० हजार रुपैयाँ विनियोजिन बताइएको छ ।

आगामी आवको बजेट संसदमा प्रस्तुत गर्दै अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले भनेका थिए, 'तराई मधेशमा सुख्खायाममा



हुने खानेपानीको चरम अभावलाई दिगो रुपमा समाधान गर्न समुदायस्तरमा डिप बोरिङसहितको खानेपानी प्रणालीको विकास गर्नेछौं। आर्सेनिकमुक्त तराई अभियान सञ्चालन गर्नेछौं । तराई मधेशमा अधुरा रहेका २८० वटा खानेपानी आयोजना सम्पन्न गर्न २ अर्ब ५० करोड विनियोजन गरेको छु ।'

सो अनुसार पाँचवटा खानेपानी तथा ढल व्यवस्थापन कार्यालयमार्फत कार्यक्रम कार्यान्वयन हुनेछ। चालू आवमा पाँच कार्यालयलाई समान तीन करोड गरी १५ करोड रुपैयाँ विनियोजन भएको थियो । आगामी आवका लागि धेरै बजेट खानेपानी तथा ढल व्यवस्थापन कार्यालय जनकपुरधामले पाएको छ । सो कार्यालयले धनुषा, सिरहा, सप्तरी र महोत्तरीका योजना सम्पन्न गर्न ८० करोड रुपैयाँ बजेट पाएको छ । यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआर लगायतका अध्ययन कार्यहरुका लागि थप २९ लाख ४० हजार रुपैयाँ विनियोजन भएको छ ।

त्यस्तै, खानेपानी तथा ढल व्यवस्थापन कार्यालय वीरगन्जले ७० करोड रुपैयाँ बजेट पाएको छ। यस कार्यालयअन्तर्गत पर्सा, बारा, रौतहट र सर्लाही जिल्ला छन् । २१ लाख रुपैयाँ यी योजनाहरुको लागत अनुमान तयारी, सुपरभिजन र डीपीआरलगायतका अध्ययन कार्यहरुमा विनियोजन गरिएको छ ।

सोही शीर्षकमा खानेपानी तथा ढल व्यवस्थापन कार्यालय विराटनगरले ५० करोड रुपैयाँ पाएको छ । यस कार्यालयअन्तर्गत मोरङ, उदयपुर, झापा र सुनसरी जिल्ला रहेका छन् भने यसको अध्ययन गर्न १६ लाख ८० हजार रुपैयाँ विनियोजन भएको छ ।

खानेपानी तथा ढल व्यवस्थापन कार्यालय बुटवलले ३० करोड रुपैयाँ बजेट पाएको छ । यस कार्यालयले रुपन्देही, कपिलवस्तु र नवलपरासी जिल्लामा योजना कार्यान्वयन गर्नेछ। यसको अध्ययनका लागि १२ लाख ६० हजार रुपैयाँ विनियोजन भएको छ ।

उता खानेपानी तथा ढल व्यवस्थापन कार्यालय कञ्चनपुरले २० करोड रुपैयाँ बजेट पाएको छ। कार्यालयले कैलाली र कञ्चनपुर जिल्लामा योजना कार्यान्वयन गर्नेछ। यस कार्यालयले अध्ययनका लागि ८ लाख ४० हजार रुपैयाँ पाएको छ ।

चालू आवको तुलनामा आगामी आवका लागि खानेपानी तथा सरसफाइतर्फ ३ अर्ब २८ करोड रुपैयाँ बढीले बजेट विनियोजन भएको छ भने चालू आवको लागि ३३ अर्ब ८९ करोड रुपैयाँ बजेट विनियोजन भएको थियो । आगामी आवको लागि ३७ अर्ब १७ करोड विनियोजन भएको छ । खानेपानी तथा सरसफाइतर्फ सबैभन्दा धेरै बजेट जलवायु अनुकूलित बृहत् खानेपानी आयोजनाका लागि ४ अर्ब ७३ करोड ९३ लाख रुपैयाँ विनियोजन भएको छ ।

खानेपानी सेवा विस्तार तथा पुनर्स्थापना कार्यक्रमका लागि ४ अर्ब ३३ करोड २१ लाख रुपैयाँ, केन्द्रीय खानेपानी आयोजनालाई ३ अर्ब २० करोड ७२ लाख रुपैयाँ, एकीकृत खानेपानी तथा ढल व्यवस्थापन आयोजनालाई २ अर्ब ३४ करोड १२ लाख रुपैयाँ र काठमाडौं उपत्यका थोक खानेपानी प्रसारण आयोजनाका लागि २ अर्ब २० करोड ४५ लाख रुपैयाँ छुट्याइएको छ ।

मेलम्ची खानेपानी आयोजना अन्तर्गत दुईवटा बजेट उपशीर्षक छ । जसमा १ अर्ब ४० करोड १६ लाख रुपैयाँ र १ अर्ब ९ रोड ९० लाख रुपैयाँ छ। यसअनुसार खानेपानी तथा सरसफाइ सह-लगानी कार्यक्रमका लागि १ अर्ब २९ करोड ३६ लाख रुपैयाँ विनियोजन भएको छ ।

# वीरगञ्जमा डोजर चलाउने पुन: प्रक्रिया अघि बढाइयो

**टुडे समाचारदाता**

वीरगञ्ज । सडक विभागले वीरगञ्जको मुख्य सडक क्षेत्रमा सडक सीमाभित्र रहेका बाँकी घर तथा भवनहरू हटाउन पुनः डोजर चलाउने प्रक्रिया अघि बढाएको छ ।

यसअघि गत वैशाख ६ र ७ गते सडक विभागले पहिलो चरणमा सिरसिया मितेरी पुलदेखि गण्डक चोकसम्मको सडकखण्डमा केन्द्र रेखाबाट दायाँ-बायाँ २५-२५ मिटरभित्र पर्ने संरचनाहरूमा डोजर चलाउँदै आंशिक रूपमा भत्काएको थियो ।

त्यसपछि चौतर्फी आलोचना र दबाव बढदै गएपछि सडक विभागले सम्बन्धित घरधनीलाई आफैंले संरचना हटाउन समय दिएका थिए । तर सो अवधिमा अधिकांशले अझैसम्म खाली नगरेपछि विभागले पुनः कारबाही प्रक्रिया अघि बढाएको हो ।



सडक डिभिजन कार्यालय हेटौंडाले मंगलबार सार्वजनिक सूचना जारी गर्दै पाँच दिनभित्र सडक सीमाभित्र रहेका बाँकी संरचनाहरू स्वेच्छाले हटाउन आग्रह गरेको छ । तोकिएको अवधिभित्र संरचना नहटाइए सडक ऐन, २०३१ अनुसार विभाग आफैंले हटाउने चेतावनी दिइएको छ ।

कार्यालयले जारी गरेको सूचनामा वैशाखदेखि सुरु गरिएको सडक सीमा संरक्षण अभियानपछि पनि क्षतिग्रस्त तथा जोखिमयुक्त भवनहरूमा बसोबास र व्यापारिक गतिविधि जारी रहेको भन्दै त्यस्ता भवनमा नबस्न तथा व्यवसाय सञ्चालन नगर्न आग्रह गरेको छ । सूचनाको बेवास्ता गरी कुनै अप्रिय घटना भए त्यसको जिम्मेवारी सम्बन्धित व्यक्ति स्वयंले लिनुपर्ने उल्लेख गरिएको छ ।

पहिलो चरणमा करिब एक हजार दुईसय घर तथा भवनमा डोजर चलाइएको थियो । त्यसयता केही घरधनीले स्वेच्छाले संरचना हटाए पनि घण्टाघर, माइस्थान, आदर्शनगर हुँदै अलखियामठ चोकसम्मका अधिकांश घर तथा भवन अझै यथावत रहेका छन् ।

उता, सडक विस्तारको विरोधमा मेनरोड क्षेत्रका घरधनी तथा व्यवसायीहरू निरन्तर आन्दोलनमा उत्रिएका छन् । उनीहरूले वीरगञ्जको मुख्य सडकलाई राष्ट्रिय राजमार्गको सट्टा शहरी मार्गका रूपमा कायम गर्नुपर्ने तथा हालको सडक विस्तार योजना तत्काल रोक्नुपर्ने माग गर्दै आएका छन् । सडक विभागले भने राजमार्गको निर्धारित सीमाभित्र रहेका संरचनाहरू हटाउने अभियानलाई निरन्तरता दिने जनाएको छ ।

# गाँजासहित तीनजना पक्राउ

**टुडे समाचारदाता**

लहान । करिब २८ किलो प्रतिबन्धित लागूऔषध गाँजासहित तीन जनालाई सिरहा प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकामध्ये एक जना भारतीय नागरिक रहेका छन् ।

इलाका प्रहरी कार्यालय गोलबजारको टोलीले सोमबार अबेर राति गोलबजार नगरपालिका-७ चोहर्वा र वडा




नम्बर १० मा सञ्चालन गरेको छुट्टाछुट्टै कारबाहीमा २७ किलो ७१५ ग्राम गाँजा बरामद गर्दै तीन जनालाई नियन्त्रणमा लिएको हो ।

प्रहरीले जनाए अनुसार गाँजाको कारोबार भइरहेको गोप्य सूचनाका आधारमा खटिएको टोलीले धर्मपुरबाट चोहर्वातर्फ आउँदै गरेको एउटा विद्युतीय अटो रोकेर जाँच गर्दा बोराभित्र लुकाइराखिएको ५ किलो ७१५ ग्राम गाँजा फेला पारेको थियो ।

सो क्रममा अटो चालक गोलबजार-७ निवासी ३६ वर्षीय रोकेन्द्र बहादुर सुनुवार र अटोमा सवार भारतको बिहार राज्य, पटना जिल्ला धनरुवा ग्राम पञ्चायतका ३० वर्षीय रोहित कुमारलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका रोहित कुमारसँग गरिएको प्रारम्भिक सोधपुछबाट प्राप्त सूचनाका आधारमा प्रहरी टोली गोलबजार नगरपालिका-१० स्थित छक बहादुरको घरमा पुगेको थियो । घरमा गरिएको खानतलासीका क्रममा चार वटा बोरामा राखिएको थप २२ किलो गाँजा बरामद भएपछि छक बहादुरलाई पनि नियन्त्रणमा लिइएको इलाका प्रहरी कार्यालय गोलबजारका प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जनाएको छ ।

बरामद गरिएको लागूऔषधसहित पक्राउ परेका तीनै जनामाथि लागूऔषध सम्बन्धी कसुरमा आवश्यक अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको प्रहरीले जनाएको छ ।

# तलब माग्दै प्रयोगशालाकर्मीहरु धर्नामा

**टुडे समाचारदाता**

जनकपुरधाम । प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामद्वारा स्थानीय तहहरुमा सञ्चालित पालिकास्तरीय १३६ वटै स्थानीय तहमा कार्यरत जनस्वास्थ्य प्रयोगशालाका प्रयोगशालाकर्मीहरूले सात महिनादेखि तलब तथा अन्य सेवासुविधा नपाएको भन्दै जनकपुरधाममा धर्ना प्रदर्शन गरेका छन् ।

प्रयोगशालाकर्मीहरूले मंगलबार जनकपुरधामस्थित प्रदेश जनस्वास्थ्य प्रयोगशालाको कार्यालय अगाडि धर्ना दिँदै आफ्ना माग तत्काल सम्बोधन गर्न प्रदेश सरकारसँग आग्रह गरेका हुन् ।

उनीहरूले आर्थिक वर्ष २०८२/८३ को कार्तिक महिनादेखि हालसम्म तलब नपाएको, चाडपर्व भत्ता उपलब्ध नगरिएको तथा सेवा सम्झौता (म्याद) नवीकरणसमेत अन्योलमा परेको भन्दै आन्दोलनमा उत्रिनुपरेको बताएका छन् ।

प्रयोगशालाकर्मी अनिल महतोका अनुसार सात महिनादेखि पारिश्रमिक नपाउँदा कर्मचारीहरू आर्थिक रूपमा गम्भीर समस्यामा परेका छन् । उनले चालु आर्थिक वर्ष समाप्त हुन लाग्दासमेत सेवा सम्झौता नवीकरण प्रक्रिया टुंगोमा नपुग्नु चिन्ताजनक भएको बताए ।

प्रयोगशालाकर्मीहरूको संयुक्त संघर्ष समितिका संयोजक साहिद राइनले आफ्नो समस्याबारे सम्बन्धित निकायलाई पटकपटक




लिखित तथा मौखिक रूपमा जानकारी गराए पनि कुनै ठोस पहल नभएको गुनासो गरेका छन् ।

लामो समयसम्म पारिश्रमिकविहीन अवस्थामा कर्मचारीहरूलाई सेवा दिन बाध्य बनाइनु श्रमिक अधिकारमाथिको गम्भीर अन्याय भएको उनको आरोप छ । प्रदर्शनमा सहभागी प्रयोगशालाकर्मीहरूले तलब अभावका कारण दैनिक जीवनयापनसमेत कठिन बन्दै गएको बताएका छन् ।

संघर्ष समितिले बाँकी तलब तत्काल भुक्तानी, सेवा सम्झौता नवीकरण, चाडपर्व भत्ता, पोशाक भत्ता, जोखिम भत्ता तथा महँगी भत्ता उपलब्ध गराउन माग गरेको छ । यस सम्बन्धमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मधेश प्रदेश, श्रम तथा यातायात मन्त्रालय, आर्थिक मामिला तथा योजना मन्त्रालय तथा प्रदेश जनस्वास्थ्य प्रयोगशालाको ध्यानाकर्षण गराइएको समितिले जनाएको छ ।

मागसम्बोधननभएप्रदेशव्यापी थप सशक्त आन्दोलनका कार्यक्रम घोषणा गर्ने चेतावनी पनि प्रयोगशालाकर्मीहरूले दिएका छन् । उनीहरूको आन्दोलनले प्रदेशका स्थानीय तहमा सञ्चालित प्रयोगशाला सेवामा समेत असर पर्न सक्ने चिन्ता व्यक्त गरिएको छ ।

यता प्रादेशिक जनस्वास्थ्य प्रयोगशालाले ७ महिनादेखि होइन अधिकांशको माघ महिनायतादेखि ५ महिनाको तलब बांकी हो । सेवा शुल्क वापत उठेको रकम नबुझाएका पालिकाका कर्मचारीहरुको केहीको साउनदेखि नै त केहीको कात्तिकदेखि बांकी रहेको छ । उनीहरुले रकम बुझाइसकेपछि सबैको बक्यौता तलब बुझाइनेछ ।

प्रयोगशालाले जनाए अनुसार प्रत्येक पालिकास्तरीय प्रयोगशालामा दुईजना करारका कर्मचारी खटाइएको हो । केमिकल आभावमा अधिंकाश प्रयोगशाला महिनौदेखि बन्द नै रहेका छन् । केही पालिकाले आफ्नै खर्चमा केमिकल मँगाई संचालन गर्दै आएका छन् ।

# अवैध उत्खन्नमा कडाई गर्दैं प्रहरी

**टुडे समाचारदाता**

लहान । सिरहा प्रहरीले जिल्लाको विभिन्न स्थानमा अवैध रूपमा नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसारमा संलग्न सवारी साधनविरुद्ध कारवाही प्रक्रिया अघि बढाउँदै १० वटा टिपर र एउटा स्काभेटर नियन्त्रणमा



लिएको छ ।

जिल्ला प्रहरी कार्यालय सिरहाले दिएको जानकारी अनुसार गोलबजार नगरपालिका-३ स्थित गागन खोलाबाट आठ वटा टिपर र सिरहा नगरपालिका-१३ गमहरियास्थित कमला नदी क्षेत्रबाट दुई वटा टिपर तथा एक स्काभेटर नियन्त्रणमा लिइएको हो ।

गागन खोलामा अवैध रूपमा ग्राभेल उत्खनन भइरहेको सूचनापछि इलाका प्रहरी कार्यालय गोलबजार र सशस्त्र प्रहरी बलको सुरक्षा बेस क्याम्प गोलबजारबाट खटिएको संयुक्त टोलीले ग्राभेल लोड गरिएका आठ वटा टिपर नियन्त्रणमा लिएको थियो ।

प्रहरी टोली पुगेको थाहा पाएपछि चालकहरू सवारी साधन छाडेर फरार भएका थिए । चालकहरू भागेपछि अन्य सवारी चालकको सहयोगमा ती टिपरहरू नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय गोलबजारमा ल्याइएको कार्यालय प्रमुख प्रहरी निरीक्षक सुधन केसीले जानकारी दिएका छन् । हालसम्म कुनै पनि टिपर धनी वा चालक सम्पर्कमा नआएको उनले जनाएको छ ।

तयस्तै, सिरहा नगरपालिका-१३ गमहरियास्थित कमला नदी क्षेत्रमा अवैध रूपमा बालुवा उत्खनन भइरहेको सूचनाका आधारमा खटिएको प्रहरी टोलीले दुई वटा टिपर र एक स्काभेटर नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सिरहाका निमित्त सूचना अधिकारी प्रहरी निरीक्षक नरेश लिम्बुले बताए ।

प्रहरीले नियन्त्रणमा लिएका सबै सवारी साधन आवश्यक कानुनी कारबाहीका लागि सम्बन्धित स्थानीय तहलाई बुझाइएको जनाएको छ । पछिल्लो समय सिरहाका नदी तथा खोला क्षेत्रमा बढ्दो अवैध उत्खनन रोक्न सुरक्षा निकायले निगरानी तथा कारबाहीलाई तीव्र बनाएको जनाएको छ ।

# छतबाट खसेर एकको मृत्यु

**टुडे समाचारदाता**

बारा । बाराको कोल्हवी नगरपालिका-३ जुगुवा टोलमा घरको छतबाट खसेर एक व्यक्तिको मृत्यु भएको छ । मृत्यु हुनेमा स्थानीय ५० वर्षीय सोभालाल चौधरी रहेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

प्रहरीका अनुसार मंगलबार बिहान चौधरी आफ्नै एकतले पक्की घरको छतमा रहेका बेला अचानक लडेर गम्भीर घाइते भएका थिए । घटनामा उनको टाउको र मुखमा गम्भीर चोट लागेको थियो ।



घटनालगत्तै परिवारजनले उनलाई उपचारका लागि कोल्हवीस्थित तामागढी अस्पताल पुर्याएका थिए । प्रारम्भिक उपचारपछि थप उपचारका लागि परवानीपुरस्थित एलएस न्यूरो अस्पताल रेफर गरिएको थियो ।

उपचारकै क्रममा मंगलबार बिहान करिब ५ बजे चौधरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक मिनबहादुर घलेले जानकारी दिए । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ ।

कृषि उत्पादन वृद्धि गरौं, खाद्य सुरक्षा सुनिश्चित गरौं

- कृषि पेशाको सम्मान र पवर्द्धन गरौं,
- आधुनिक प्रविधिको प्रयोग गरी धान उत्पादन वृद्धि गरौं,
- उन्नत बीउ, मल तथा सिँचाइको उचित प्रयोग गरौं,
- जमिनकोसदुपयोगगरीखेतीयोग्यभूमिसंरक्षणगरौं,
- कृषि उत्पादनलाई प्राथमिकता दिई कृषकलाई प्रोत्साहन गरौं,
- विषादीको सुरक्षित र सन्तुलित प्रयोग गरौं,
- स्थानीय जातका धानहरुको संरक्षण र प्रर्वद्धन गरौं,
- व्यवसायिक कृषि प्रणालीमार्फत कृषिमा आत्मनिभर बनौं ।

खाद्यान्नको उत्पादन, वितरण, पहुँच र दिगोपना सुनिश्चित गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८